# युवा तथा खेलकुद मन्त्रालयको तत्काल सुधार कार्ययोजना, २०८२

| क्र.सं. | क्रियाकलाप | समयसीमा | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|
| १. | युवा तथा खेलकुद विषयसँग सम्बन्धित नागरिकका गुनासो सुनुवाई र समाधान प्रयासका लागि मन्त्रालयमा गुनासो सुनुवाई कक्षको स्थापना गर्ने। | ७ दिन | प्रशासन शाखा | |
| २. | मन्त्रालयबाट गरिने निर्णय प्रकृयामा नेपाल सरकारद्वारा सञ्चालित GIOMS मार्फत तत्काल निर्णय प्रक्रिया अवलम्बन गर्ने। | १५ दिन | प्रशासन शाखा | |
| ३. | मन्त्रालय र मन्त्रालय सम्बद्ध निकायका बैठकका गतिविधिलाई सञ्चार माध्यमबाट प्रत्यक्ष प्रसारण गर्ने। | प्रारम्भ भैसकेको | प्रशासन शाखा र मातहतका निकाय | |
| ४. | मन्त्रालयको संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रारुप तयार गर्ने।<br>क. मन्त्रालय<br>ख. राष्ट्रिय खेलकुद परिषद्<br>ग. राष्ट्रिय युवा परिषद् (नोटः सैद्धान्तिक सहमति प्रक्रिया सुरु गर्ने।) | <br><br>१ महिना<br>१ महिना<br>७ दिन | प्रशासन शाखा | |
| ५. | खेलकुद पुर्वाधारको वर्गीकरण र कार्यान्वयन जिम्मेवारीलाई तहगत सरकारमा बाडँफाड सम्बन्धी कार्यविधि/मापदण्ड निर्माण गर्ने। | २ महिना | | |
| ६. | गैर सरकारी निकाय र निजीको संस्थागत सामाजिक उत्तरदायित्वको रकमलाई खेलकुद पूर्वाधार, प्रशिक्षण र कार्यक्रम सञ्चालनमा उपयोगका लागि कार्यविधि/ मापदण्ड तय गर्ने। | २ महिना | Focal शाखा र राष्ट्रिय खेलकुद परिषद् | |
| ७. | मन्त्रालय र मन्त्रालय सम्बद्ध निकायहरु एवं खेल संघहरुबाट गरिने आर्थिक कारोबारमा विद्युतीय माध्यमको प्रयोग गर्ने। | १ महिना | आ.प्र शाखा र सबै मातहतका निकाय | |
| ८. | स्थानीय तह, जिल्ला तह, प्रदेश तह र राष्ट्रिय तहका खेलाडीहरूको खेलकुद सम्बद्ध जानकारी समेटिएको विद्युतीय अभिलेख तयार गरी खेलाडी परिचयपत्रका आधारमा व्यवस्थापन गर्ने प्रक्रियाका लागि तयारीका सुरु गर्ने। | २० दिन | Focal शाखा र राष्ट्रिय खेलकुद परिषद् | |
| ९. | राष्ट्रिय खेलकुद परिषद र नेपाल स्काउट जस्ता स्वायत्त संस्थाहरूको आन्तरिक स्रोत पहिचान र परिचालन | | | |
| | क. आन्तरिक श्रोत पहिचान गर्ने | १ महिना | स्वायत्त संस्थाहरू | |
| | ख. आन्तरिक श्रोत परिचालन कार्यविधि निर्माण गर्ने | १५ दिन | स्वायत्त संस्थाहरू | |
| | ग. कोषमा श्रोत संकलन गर्ने | तुरुन्त | स्वायत्त संस्थाहरू | |
| | घ. आन्तरिक श्रोतको बजेट नियमानुसार स्वीकृत गरी कार्यान्वयनमा लैजाने। | तुरुन्त | स्वायत्त संस्थाहरू | |

नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं

| | | | | |
|---|---|---|---|---|
| | ङ. नियमानुसार खोलिएका बैंक खाता मार्फत कारोबार गर्ने र यसका लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयद्वारा खाताको पहिचानको सुनिश्चितता गराउने। | १५ दिन | आ.प्र शाखा र सबै मातहतका निकाय | |
| १०. | खेल सङ्घ/महासङ्घको नवीकरण सम्बन्धी जाँचसूची (Checklist) तयार गरी अनिवार्य रुपमा प्रयोग गर्ने गराउने। | (७ दिनभित्र)/ तुरुन्त | Focal शाखा र राष्ट्रिय खेलकुद परिषद् | |
| ११. | खेल सङ्घ/महासङ्घलाई देहायका विषयमा पारदर्शी सूचना सम्प्रेषण गरी आफ्ना गतिविधिमा जवाफदेही हुने गरी परिचालन गर्ने। | | | |
| | क. स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र प्रगति सार्वजनिक गर्ने। | ७ दिन | राष्ट्रिय खेलकुद परिषद् | |
| | ख. नियमानुसार आन्तरिक आम्दानी विद्युतीय माध्यमबाट अभिलेख राख्ने। | १५ दिन | | |
| | ग. नियमानुसार खोलिएको बैंक खाता बाहेक कुनै पनि आर्थिक कारोबार नगरिएको सुनिश्चितता गर्ने: *(नोटः यसका लागि राष्ट्रिय खेलकुद परिषद्को अनुमतिमा मात्र बैंक खाताको प्रबन्ध मिलाउने।)* | १५ दिन | | |
| | घ. कुनै पनि प्रकारका बैदेशिक सहायता र प्राप्तिलाई कोषमा आम्दानी जनाएर मात्र खर्च गर्ने व्यवस्था मिलाउने। | ७ दिन | | |
| १२ | अन्तर्राष्ट्रिय प्रतियोगिताका लागि खेलाडी छनौट गर्दा मापदण्ड बमोजिम खुल्ला प्रतियोगिता गराएर मात्र छनौट गर्ने कार्यविधि सार्वजनिक गर्ने। | १५ दिन | राष्ट्रिय खेलकुद परिषद् | |